नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

पत्र संख्या. २०७७/७८
चलानी नं.-

मितिः- २०७७/०४/०८

## जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाबाट जारी गरिएको संसोधित सूचना

**(अत्यन्त जरुरी सूचना)**

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालयको चं.नं. १४१ मिति २०७७/०४/०७ को पत्रानुसार प्राप्त नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०४।०५ को बैठकले गरेका निर्णयका प्रभावकारी कार्यान्वयन गर्न देहाय अनुसारको सूचना जारी गरिएको छ ।

१. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ चैत्र ९ गतेको निर्णयानुसार मिति २०७६ चैत्र ११ गतेदेखि शुरु भई विभिन्न मितिमा हेरफेर तथा थपघटसहित नेपालभर लागू रहेको बन्दाबन्दी (लकडाउन) सम्बन्धी व्यवस्था मिति २०७७ साउन ६ गते मङ्गलबार (तदनुसार २०२० जुलाई २१) मध्यरात पछि अन्त्य भएको । नेपालभर लागू रहेको बन्दाबन्दी (लकडाउन) सम्बन्धी व्यवस्था बाहेक कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा गरिएका अन्य व्यवस्था यथावत कायम रहेको ।

२. जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेका मापदण्डबमोजिम हुनेगरी देहायका सेवा तथा कार्यहरु **मिति २०७७ साउन १५** गतेदेखि सञ्चालन गर्नेः-
   क) होटल, रेष्टुरेण्ट (सामूहिक भोज, पार्टी, सेमिनार वा अन्य सामूहिक भेला हुने बाहेक);
   ख) ट्रेकिङ्ग, ट्राभल, पर्वतारोहणलगायत पर्यटन व्यवसाय।

३. जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने गरी देहायका सेवा तथा कार्यहरु **मिति २०७७ भदौ १** गतेदेखि देहायबमोजिम सञ्चालन गर्नेः-
   क) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तोकेको मापदण्ड बमोजिम हुनेगरी छोटो, मध्यम र लामो दूरीमा जिल्लाभित्र तथा अन्तर जिल्ला सञ्चालन हुने निजी तथा सार्वजनिक यात्रुबाहक सवारी साधनहरु;
   ख) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेको मापदण्डबमोजिम हुनेगरी सो मन्त्रालयले तोकेका आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यावसायिक तथा अन्य उडानहरु;
   ग) अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल;
   घ) विद्यार्थी, भर्ना शैक्षिक र अन्य परीक्षा सञ्चालन।

४. देहायबमोजिमका सेवा र कार्यहरु अर्को सूचनाबाट तोकिएको मिति देखि सञ्चालन गर्नेः-
   क) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र)
   ख) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार;
   ग) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन;
   घ) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरन्जनस्थल;
   ङ) सैलुन ब्युटीपार्लर तथा स्पा;
   च) स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब;
   छ) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति;
   ज) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल;

कृष्ण पौडेल
प्रमुख जिल्ला अधिकारी

०३७ - ५२०१३३ प्र.जि.अ.
०३७ - ५२०१३१ स.प्र.जि.अ.
०३७ - ५२०१३२ प्रशासन
०३७ - ५२०१८२ फ्याक्स

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## ओखलढुङ्गा

पत्र संख्या. २०७७/७८
चलानी नं.-

झ) पुस्तकालय, सङ्ग्रहालय र चिडियाखाना।

५. सबै प्रकारका सेवा तथा कार्यहरु सञ्चालन गर्दा दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरी सेवा र कार्यहरु सञ्चालन गर्ने ।

६. व्यवसायीहरुले औषधी र औषधीजन्य सामग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने । अभाव देखाई मूल्य वृद्धि गर्ने वा कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम नियन्त्रणमा लिने, सामग्री जफत गरी रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने ।

७. संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई सोहि ऐनबमोजिम सजाय हुने ।

२०७७/०४/१८

कृष्ण पौडेल
प्रमुख जिल्ला अधिकारी

०३७ - ५२०१३३ प्र.जि.अ.
०३७ - ५२०१३१ स.प्र.जि.अ.
०३७ - ५२०१३२ प्रशासन
०३७ - ५२०१८२ फ्याक्स

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com